**निर्णयहरु**

**निर्णय नं. १,**

प्रस्ताव नं १ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्रभित्रका विभिन्न मुख्य मुख्य सडकहरु श्रममा आधारित भई मर्मत संभार गर्नुपर्ने भएकोले सो कार्यको व्यवस्थापनको लागि तपशिलको मोटर बाटोहरु मर्मत गर्ने सम्बन्धि कार्यविधि,२०७६ स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

**तपशिल**

## मोटर बाटोहरु मर्मत गर्ने सम्बन्धी कार्यविधि,२०७६

यस गाउँपालिका क्षेत्र भित्रका विभिन्न मोटरबाटाहरु वर्षेनी मर्मत गर्नुपर्ने भएकोले ठूला र जटिल खालका (ठूल-ठूला पहिरो, ठुला ढुंगा हटाउने ) कार्यगर्नुपर्ने अवस्थामा वाहेक स्थानीय जनताबाट रोजगारमा आधारित मर्मत संभार कार्य गर्दा रोजगारी सृजना र त्यसबाट योजना प्रति आफ्नोपना जागृत हुने जस्ता कारणले कार्यलाई व्यवस्थित गर्न आवश्यक भएकोले यो कार्यविधि स्वीकृत गरी लागु गरिएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम “रोजगारमा आधारित मर्मत संभार कार्यविधि,२०७६ ” रहेकोछ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) गाउँपालिका भन्नाले त्रिवेणी गाउँपालिका सम्झनु पर्नेछ ।

(ख) पदाधिकारी भन्नाले त्रिवेणी गाउँपालिकाका राजनीतिक तथा प्रशासनिक पदाधिकारीलाई बुझाउछ ।

(ग) वडा अध्यक्ष भन्नाले त्रिवेणी गाउँपालिकाको सम्बन्धित वडाको वडा अध्यक्षलाई बुझाउछ ।

(घ) सदस्य भन्नाले सम्बन्धित वडको वडा सदस्यलाई बुझाउछ ।

(ङ) सुपरभाइजर भन्नाले रोजगार टोलीको काम हेर्ने गरी खटिएको टोलीको अगुवालाई बुझाउछ ।

३. **काम गर्ने स्थान :** सम्बन्धित वडाको गाउँ जोड्ने बाटाहरु काम गर्ने मुख्य स्थानहरु हुनेछन् ।

४. **काम गर्ने प्रक्रिया :** (१) मर्मत संभार गर्ने बाटाहरुमा काम गर्ने प्रक्रिया देहाय अनुसार हुनेछ :

(क) १० देखि १५ जना सम्मको कामदार समूह निर्माण गरिनेछ ।

(ख) कामदार समूहका सदस्यहरु छान्दा प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत भएका व्यक्तिहरु मध्यबाट छनौट गर्नुपर्नेछ । छनौट गर्दा पीछडिएका,दलित,एकल महिलालाई प्राथमिकता दिनुपर्नेछ ।

(ग) उक्त टोल गाउँका अति पीछडिएका दलित,एकल महिला मध्य कोही प्रधानमन्त्रि रोजगार कार्यक्रमा समावेस हुन छुटेको अवस्था भए वडा समितिको निर्णयबाट त्यस्ता व्यक्तिहरु कामदार समूहमा समावेस गर्न सकिनेछ ।

(घ) गाउँपालिका कार्यालयबाट स्वीकृत भएको लागत अनुमानको आधारमा वडा कार्यालयले आफ्नो क्षेत्र भित्रका कामदार समूहको नामावली गाउँपालिकमामा पठाउनेछ । कामदार समूहको नामावली स्वीकृत भएपछी प्राविधिक कर्मचारीको सल्लाहमा कामदार समूहले मर्मत संभारको कामको थालनी गर्नेछ ।

**५. कामको रेखदेख,अभिलेखन तथा भूक्तानी प्रक्रिया :** (१) मर्मत संभारको कामको संचालन रेखदेख,हाजिरी अभिलेख र भूक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) कामको रेखदेख सुपरभाइजरले गर्नेछ ।

(ख) सुपरभाइजरले कामदारको हाजिरी लगाउनेछ ।

(ग) हाजिरी प्रमाणित गरी वडा अध्यक्षबाट सिफारिस गराई भुक्तानीको लागि प्रतिवेदन सहित गाउँपालिकामा पेश गर्नेछ ।

(घ) प्राविधिक कार्यसम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन समेतको आधारमा भुक्तानी दिने ।

(ङ) लागत अनुमान अनुसार काम नभएमा काम नभएजतिको रकम सुपरभाइजरको पारिश्रमिकबाट कट्टा गर्ने,सुपर भाइजरको ५० प्रतिशत बराबर रकम कट्टा गर्दा समेत नपुग हुन गएमा कामदारकोबाट दामासाहीले रकम कट्टा गरी भूक्तानी दिने ।

(च) सुपरभाजर व्यवस्था गर्दा लामोदुरीको भए प्रति बाटो एक जना र एक कि.मि.भन्दा कमको बाटोमा एक भन्दा बढि बाटाको लागि हेर्नेगरी व्यवस्था गरिनेछ ।

**६. पारिश्रमिकको व्यवस्था :** (१) सुपरभाइजर र कामदारको पारिश्रमिक देहाय अनुसार हुनेछ :

(क) सुपरभाइजर : रु. ७००। प्रति दिन ।

(ख) कामदार : रु. ६००। प्रतिदिन

७. काम गर्नुपर्ने अवधि : रोजगार समूहमा काम गर्ने प्रत्यक कामदारले दिनको आठ घण्टा अनिवार्य श्रम गरेको हुनुपर्नेछ ।

**८. सुपरभाइजर तथा कामदारको योग्यता :** (१) कामदार तथा सुपरभाइजर हुन देहायको योग्यता आवश्यक हुनेछ :

(क) सुपरभाइजर :

- ३० वर्ष पुरा भई ६० वर्ष ननाँघेको,
- आठ कक्षा उतिर्ण गरेको,
- सम्बन्धित वडाको स्थायी वासिन्दा भएको ।

(ख) कामदार :

- १८ वर्ष पुरा भई ६० वर्ष ननाँघेको,
- सम्बन्धित वडाको स्थायी वासिन्दा भएको ।
- प्रधानमन्त्री राजगार कार्यक्रममा सूचिकृत भएको वा वडा कार्यालयबाट कार्यविधिको दफा ४ को उपदफा (१) को खण्ड (ग) बमोजिमको निर्णय अनुसार थप भएको,

९. **विविध :** अन्य केही कुरामा दुविधा पर्न गएमा अध्यक्षतहबाट निर्णय गरी बाधा अड्काउ फुकाउन सकिनेछ ।